# पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण

## (National Assessment for Reading and Numeracy -NARN)

## पूर्व परीक्षण सञ्चालन मार्गदर्शन-२०८२


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

सानोठिमी, भक्तपुर

# पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण
## (National Assessment for Reading and Numeracy- NARN)
# पूर्व परीक्षण सञ्चालन मार्गदर्शन-२०८२

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर

Website: www.ero.gov.np , Email:eronasa@gmail.com
Phone: 01-6632116

**पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण**
**(National Assessment for Reading and Numeracy- NARN)**
**पूर्व परीक्षण सञ्चालन मार्गदर्शन -२०८२**

**प्रकाशकः**
नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी, भक्तपुर

सर्वाधिकार ©: **प्रकाशकमा**
**प्रकाशन वर्ष : वि.सं. २०८३**

www.ero.gov.np
Email: eronasa@gmail.com
Phone: 01-6632116

# परीक्षणबारे केन्द्रको अनुरोध

विद्यालय शिक्षामा विद्यार्थीको पहुँच सुनिश्चितताका साथै उनीहरूको सिकाइमा अपेक्षित सुधार ल्याउन प्रयासहरू केन्द्रित गर्नु आजको आवश्यकता हो । बालबालिकामा पाठ्यक्रमले तोकेका तह वा कक्षागत सक्षमता हासिल हुनुपर्छ । बालबालिकामा यस्ता सक्षमता विकास भएका छन् वा छैनन् भन्ने जानकारी र यसमा सुधारका लागि आवधिक रूपले परीक्षण कार्य गरिन्छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले वि.सं. २०६८ (सन् २०११) देखि नै विद्यालय तहका विभिन्न कक्षा र विषयमा राष्ट्रिय सर्वेक्षणका माध्यमबाट विद्यार्थी उपलब्धिको परीक्षण गरी राष्ट्रिय रूपमा विद्यार्थीको सिकाइका बारेमा सरोकारवालालाई पृष्ठपोषण प्रदान गर्ने कार्य गर्दै आएको छ । यी अध्ययनका प्रतिवेदनले समग्रमा देशको सिकाइ उपलब्धिको अवस्था के छ ? विभिन्न क्षेत्र, लैङ्गिकता, जातजाति, मातृभाषा, विद्यालयको अवस्थिति आदि आधारमा विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था के छ ? विद्यार्थीको सिकाइ उपलब्धिमा कुन कुन तत्तवले कसरी प्रभाव पारिरहेका छन् ? भन्ने सन्दर्भमा एउटा बलियो प्रमाण प्रस्तुत गरेका छन् । यसबाट पाठ्यक्रम विकास, शिक्षण सिकाइ प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, शिक्षक तालिम, सामग्री विकासका साथै अध्ययनका क्षेत्रमा नीति, कार्यक्रम र कार्यमा अपेक्षाकृत सुधार ल्याउन मदत पुग्ने छ ।

यसै सन्दर्भमा वि.सं. २०८२ (सन् २०२६) मा कक्षा ३ मा सञ्चालन हुने पढाइ तथा गणितीय सिपको पूर्व परीक्षण पनि यही दिशामा केन्द्रित छ । सबै प्रदेशको प्रतिनिधित्व हुने गरी नमुना छनोट गर्दै १५ जिल्लाका विद्यालयमा अध्ययनरत विद्यार्थीमा कक्षा ३ को पढाइ भाषिक तथा गणितीय सिपको पूर्व परीक्षण सञ्चालन हुँदै छ । यसले विद्यार्थीले हासिल गर्ने सक्षमता तथा सिकाइ उपलब्धिको परीक्षण गरी उनीहरूको सिकाइको स्तर सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने अपेक्षा गरिएको छ । परीक्षण सञ्चालन कार्यलाई स्तरीकृत बनाउन र एकरूपता ल्याउने उद्देश्यका साथ यो मार्गदर्शन पुस्तिकाको विकास गरिएको छ । यस पुस्तिकाले कक्षा ३ मा सञ्चालन हुने पढाइ तथा गणितीय सिपको पूर्व परीक्षणको सन्दर्भमा विभिन्न तह, निकाय, संस्था र व्यक्तिको भूमिकाको व्याख्या गरेको छ ।

परीक्षण सञ्चालन प्रक्रियालाई मर्यादित, विश्वसनीय बनाउनका लागि आम सरोकारवालाको भूमिका पक्कै पनि महत्वपूर्ण हुने गर्छ । यसबाट सही र शुद्ध तथ्याङ्क, सूचना प्राप्त भई देशको शैक्षिक प्रणालीको वास्तविक अवस्था आकलन हुने छ । यस कार्यका लागि सबै सरोकारवालाको सकारात्मक सहयोग, समन्वय र योगदान प्राप्त भई परीक्षण सञ्चालन कार्य सफल हुने छ भन्ने केन्द्रले विश्वास लिएको छ । यस विषयमा सरोकारवालाको रचनात्मक सुझावको अपेक्षा केन्द्रले गरेको छ ।

जयराम अधिकारी
महानिर्देशक

# विषयसूची


१. परिचय ........ १

२. पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणअन्तर्गत पूर्व परीक्षणमा प्रयोग हुने साधनहरू ....... १

३. परीक्षण सञ्चालनमा विभिन्न निकाय तथा व्यक्तिको भूमिका ........ २

(क) शैक्षिक गुणस्तर परीक्षण केन्द्र ........ २

(ख) शिक्षा विकास तथा समन्वय इकाइ ........ ३

(ग) स्थानीय तह ........ ४

(घ) परीक्षण सञ्चालन हुने विद्यालय, प्रधानाध्यापक, विषय शिक्षक ........ ४

(ङ) परीक्षण सञ्चालक ........ ५

(च) अनुगमनकर्ता ........ ६

४. परीक्षण सञ्चालक छनोटका आधार ........ ६

५. अभिमुखीकरण कार्यशाला ........ ७


**अनुसूचीहरू**


अनुसूची १ : परीक्षण सञ्चालकको प्रतिवेदनको ढाँचा ........ ८

अनुसूची २ : अनुगमनकर्ताको प्रतिवेदन ढाँचा ........ ९

अनुसूची ३ : शिक्षा विकास निर्देशनालयलाई गरिने पत्राचारको ढाँचा ........ १२

अनुसूची ४ : शिक्षा विकास तथा समन्वय इकाइबाट स्थानीय तहमा गरिने पत्राचारको ढाँचा ........ १३

अनुसूची ५ : शिक्षा विकास तथा समन्वय इकाइबाट विद्यालयलाई गरिने पत्राचारको ढाँचा ........ १४

अनुसूची ६ : करार सम्झौता पत्रको ढाँचा ........ १५

अनुसूची ७ : परीक्षण सञ्चालकका लागि क्रियाकलाप रूजुसूची ........ १९

अनुसूची ८ : परीक्षण सञ्चालकले परीक्षणका लागि लैजानुपर्ने सामग्रीको रुजुसूची ........ २०

अनुसूची ९ : परीक्षण मर्यादित बनाउन ध्यान दिनुपर्ने कुराहरू ........ २१

अनुसूची १०: विद्यार्थी हाजिरी ........ २४

## १. परिचय

पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment for Reading and Numeracy–NARN) ले देशभरका सामुदायिक विद्यालयहरूको प्रतिनिधित्व हुने गरी नमुना छनोटमार्फत राष्ट्रिय स्तरको सर्वेक्षणबाट कक्षा ३ मा अध्ययनरत बालबालिकाहरूको पढाइ तथा गणितीय सिपको समग्र अवस्थाका बारेमा सरोकारवालालाई जानकारी प्रदान गर्छ । पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणका नतिजालाई नीति तथा योजना निर्माण, पाठ्यक्रम विकास तथा परिमार्जन, र शिक्षणका तौरतरिकाहरूको सुधारमार्फत् विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्न प्रयोग गरिन्छ ।

यस आर्थिक वर्ष २०८२/८३ मा सबै प्रदेशको प्रतिनिधित्व हुने गरी नमुना छनोटमार्फत कक्षा ३ मा १५ जिल्लामा पूर्व परीक्षण सञ्चालन हुँदै छ । वि.सं. २०८३ जेठ महिनाको तोकिएका दिनमा सञ्चालन हुने पूर्व परीक्षणमा कक्षा ३ पूरा गरेका करिब ३८०० विद्यार्थी सहभागी हुने छन् । छनोटमा परेका सबै विद्यालयहरूमा परीक्षण सञ्चालनमा एकरूपता कायम गर्न र परीक्षणलाई स्तरीकृत गर्ने उद्देश्यका साथ यो मार्गदर्शन पुस्तिका विकास गरिएको हो । यस पुस्तिकामा विभिन्न निकाय तथा व्यक्तिहरूको परीक्षणको सन्दर्भमा रहने भूमिका तथा जिम्मेवारीको व्याख्या गरिएको छ । यसमा परीक्षण सञ्चालक (Test Administrator) र अनुगमनकर्ताको अभिमुखीकरण कार्यक्रममा प्रस्तुत हुने विषयवस्तु र प्रतिवेदन ढाँचासमेत समावेश गरिएको छ ।

## २. पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणअन्तर्गत पूर्व परीक्षणमा प्रयोग हुने साधनहरू

पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणअन्तर्गतको यस पूर्व परीक्षणमा **तीन** प्रकारका परीक्षण साधन प्रयोग गरिने छ, ती हुन्:

(क) **विद्यार्थीका लागि सामूहिक (लिखित) परीक्षण साधन** : कक्षा ३ को पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणअन्तर्गत पढाइ र गणितीय सिप परीक्षण विषयका प्रश्नहरू एउटै परीक्षण पुस्तिका (Booklet) मा रहने छन् । पूर्व परीक्षणको लागि सेट **(क)**, **(ख)**, **(ग)** र **(घ)** गरी चार सेट प्रश्नावली प्रयोग गरिने छ । एउटा विद्यालयमा कुनै एक सेट प्रश्नावली मात्र परीक्षण गरिने छ । परीक्षणको अवधि एक घण्टा कायम गरिएको छ । प्रश्नमा तोकिएकोबाहेक अन्य क्षेत्रमा समय आवश्यक भए उचित अवधि थप गर्न सकिने छ । परीक्षण पुस्तिकामा अगाडिको पानाका विवरणदेखि सबै परीक्षण प्रश्नको जवाफ विद्यार्थीले अनिवार्य रुपमा दिनुपर्ने छ । परीक्षण सञ्चालकका

लागि विकसित मार्गदर्शनबमोजिम सबै विद्यार्थीलाई साथसाथै सञ्चालन गर्नुपर्ने छ । नमुना छनोटमा परेका १५ जना विद्यार्थीका लागि यो परीक्षण साधन रहने छ ।

(ख) **मौखिक परीक्षण साधन** : पढाइ सिपको मौखिक परीक्षणमा पठनप्रवाह र बोध क्षमता परीक्षण गर्न ६० शब्दसम्मको एक अनुच्छेद रहने छ । विद्यार्थीलाई अनुच्छेद सस्वर पढ्न सुरुमा एक मिनेट समय दिइने छ । सो अवधिमा पढ्न बाँकी रहेमा निरन्तर दुई मिनेट थप गरी बढीमा कुल तीन मिनेट समय दिइने छ । यसरी दिइएको समयमा पूरै अनुच्छेद वा कम्तीमा ४५ शब्दसम्म पढ्ने विद्यार्थीलाई मात्र सो अनुच्छेदसँग सम्बन्धित पाँचओटा प्रश्नहरू सोधिने छ । विद्यार्थीले ती प्रश्नको मौखिक जवाफ दिने छन् । त्यसै गरी गणितीय सिपअन्तर्गत सङ्ख्याको पहिचान र गणितीय क्रियासँग सम्बन्धित मौखिक प्रश्नहरू सोधिने छ । पूर्व परीक्षणको लागि सेट **(क)**, **(ख)**, **(ग)** र **(घ)** गरी चार सेट मौखिक परीक्षण प्रश्नावली प्रयोग गरिने छ । कुनै एक विद्यालयमा तोकिएको कुनै एक सेट परीक्षण साधनको प्रयोग हुने छ ।

मौखिक परीक्षण साधनमा विद्यार्थीको कार्य र जवाफको अभिलेख सोही अवधिमा परीक्षण सञ्चालकले राख्नुपर्ने छ । उपलब्ध भएमा छात्र र छात्रा लगभग बराबर हुने गरी नमुना छनोट भएका ५ जना विद्यार्थीलाई शान्त वातावरणमा एक एक गरी बोलाउँदै मौखिक परीक्षण सञ्चालन गरिने छ ।

(ग) **परीक्षण सञ्चालकका लागि मार्गदर्शन (लिखित तथा मौखिक परीक्षण)** : परीक्षण सञ्चालक (Test Administrator) ले प्रत्येक विद्यालयमा परीक्षण सञ्चालन गर्दा अपनाउनुपर्ने विधिहरू परीक्षणको सेटगत रूपमा यसमा संलग्न गरिएको छ । नमुनामा छनोट गरी १५ जनाका लागि सञ्चालन गरिने लिखित परीक्षणका लागि विकसित सेट **(क)**, **(ख)**, **(ग)** र **(घ)** का अलग अलग परीक्षण सञ्चालकका लागि मार्गदर्शन रहेका छन् । यसै गरी नमुना छनोट गरी ५ जनाका लागि व्यक्तिगत/मौखिक परीक्षण गर्नका लागि विकसित **(क)**, **(ख)**, **(ग)** र **(घ)** का अलग परीक्षण सञ्चालकका लागि मार्गदर्शन यस परीक्षणमा रहने छन् ।

## ३. परीक्षण सञ्चालनमा विभिन्न निकाय तथा व्यक्तिको भूमिका

### (क) शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office, ERO)

१. लिखित र मौखिक परीक्षणका लागि परीक्षण साधन र परीक्षण सञ्चालकका लागि निर्देशन पुस्तिका विकास गरी छपाइ गर्ने र सोको गोपनीयता कायम गर्ने,

२. शिक्षा विकास तथा समन्वय इकाइ र परीक्षण सञ्चालकका लागि परीक्षण सञ्चालनसम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने,

३. परीक्षणसँग सम्बन्धित साधन तथा सामग्री अभिमुखीकरण सञ्चालन हुने स्थानसम्म पुऱ्याई सम्बन्धित इकाइलाई बुझाउने,
४. परीक्षण सञ्चालन हुने जिल्लाका विद्यालय, विषय र विद्यार्थी सङ्ख्यासहितको विवरण इकाइमार्फत् प्राप्त गर्ने,
५. परीक्षण सञ्चालनका लागि आवश्यकताअनुसार प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सम्बन्धित स्थानीय तह र विद्यालयसँग समन्वय गरी सहयोगका लागि आग्रह गर्ने, (पत्रको ढाँचा अनुसूची ३ मा रहेको छ ।)
७. परीक्षण कार्यको अनुगमन गर्ने,
८. परीक्षणपश्चात् उत्तरपुस्तिका सङ्कलन गरी केन्द्रसम्म ल्याउने,
९. परीक्षण सञ्चालनसम्बन्धी अन्य आवश्यक व्यवस्था गर्ने गराउने ।

**(ख) शिक्षा विकास तथा समन्वय इकाइ (Education Development and Co-ordination Unit, EDCU)**

१. केन्द्रबाट पठाइएका परीक्षण साधनहरू बुझ्ने,
२. पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण कक्षा ३ को परीक्षण सञ्चालनका लागि मार्गदर्शन पुस्तिका अध्ययन गरी सोका प्रावधान पालना गर्ने गराउने,
३. तोकिएको योग्यताअनुसारका परीक्षण सञ्चालक (Test Administrator) छनोट गरी नियुक्ति गर्ने,
४. परीक्षण सञ्चालकका लागि अनिवार्य अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,
५. अभिमुखीकरणमा सहभागी भएका परीक्षण सञ्चालकलाई मात्र परीक्षणमा खटाउने,
६. परीक्षणका लागि छनोट भएका विद्यालयमा केन्द्रले तोकेको मितिमा परीक्षण कार्य सञ्चालन गर्ने,
७. परीक्षण साधनहरू परीक्षण सञ्चालकलाई उपलब्ध गराई प्रश्नपत्रको संरक्षण र गोपनीयताको सुनिश्चितता गर्ने,
८. परीक्षणमा सहभागी विद्यार्थीका लागि कालो वा निलो मसीयुक्त बलपेनको व्यवस्था गर्ने,
९. कार्यरत शिक्षक र विद्यालय कर्मचारीलाई परीक्षण सञ्चालकका रूपमा काममा नखटाउने,
१०. सेवा निवृत्त शिक्षक वा कर्मचारी, कार्यरत कर्मचारी वा योग्यता प्राप्त स्वतन्त्र व्यक्तिलाई परीक्षण सञ्चालकका रूपमा छनोट गर्न सकिने,

११. परीक्षण सञ्चालकलाई केन्द्रको निर्देशिका उपलब्ध गराउने र निर्धारित समयमा परीक्षण सञ्चालनका लागि खटाउने तथा अनुगमन गर्ने,

११. अनुसूची ४ र ५ मा रहेको ढाँचाबमोजिम आवश्यकताअनुसार सम्बन्धि स्थानीय तह र विद्यालयलाई पत्राचार गर्ने,

१३. परीक्षण सञ्चालकलाई परीक्षण कार्य सम्पन्न भएपछि प्रयोग भएका र नभएक साधनहरूको विवरणसहित खामबन्दी गरेर इकाइसम्म ल्याउन लगाउने,

१४. परीक्षण सञ्चालकबाट प्राप्त भएका सबै परीक्षण सामग्री, प्रतिवेदन सुरक्षित रुपमा प्याकिङ गरी तोकिएबमोजिम केन्द्रमा बुझाउने ।

## (ग) स्थानीय तह

१. नमुना छनोटमा परेका विद्यालयलाई परीक्षणमा सहभागी गराउन सहजीकरण गर्ने,

२. पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण कक्षा ३ को परीक्षण सञ्चालन कार्यमा शिक्षा विकास तथा समन्वय इकाइ, विद्यालय, परीक्षण सञ्चालकलाई आवश्यकताअनुसार सहयोग गर्ने ।

३. शान्त, सुरक्षित र मर्यादित रूपमा परीक्षण सञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाउने,

## (घ) परीक्षण सञ्चालन हुने विद्यालय, प्रधानाध्यापक, विषय शिक्षक

१. इकाइले परीक्षण सञ्चालकलाई दिएको आधिकारिक पत्रका आधारमा परीक्षण सञ्चालन गर्न सहयोग गर्ने,

२. परीक्षण सञ्चालन हुने दिन सम्बन्धित कक्षाका सबै विद्यार्थी अनिवार्य उपस्थित हुने वातावरण सुनिश्चित गर्ने,

३. परीक्षणका लागि विद्यार्थीहरूलाई मनोवैज्ञानिक रूपमा तयार गराउने,

४. परीक्षणका लागि कक्षाकोठा, फर्निचर र भौतिक पूर्वाधार, आवश्यक जनशक्ति उपलब्ध गराउने,

५. परीक्षणसम्बन्धी साधन तथा सामग्रीहरू रूजु गर्ने,

६. शान्त, सुरक्षित र मर्यादित रूपमा परीक्षण सञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाउने,

७. उत्तरपुस्तिकाको गोपनीयता कायम राख्ने,

८. प्रधानाध्यापक तथा सम्बन्धित विषय शिक्षकले भर्नुपर्ने प्रश्नावली भर्ने, भराउने,

९. आवश्यक तथ्याङ्क, सूचना उपलब्ध गराउने ।

**(ङ) परीक्षण सञ्चालक (Test Administrator)**

परीक्षण सञ्चालक (Test Administrator) का कार्यलाई निम्नानुसार तीन चरणमा विभाजन गरिएको छ :

**(अ) परीक्षणपूर्व**

१. इकाइले सञ्चालन गरेको अभिमुखीकरण कार्यक्रममा अनिवार्य सहभागी हुने,
२. पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण कक्षा ३ को परीक्षण सञ्चालन मार्गदर्शन अध्ययन गरी सोका प्रावधान पालना गर्ने,
३. अनुसूची ८ बमोजिमका आवश्यक सामग्री रुजु गरी बुझ्ने,
४. परीक्षण सञ्चालन हुने विद्यालयलाई परीक्षण हुने दिन, समयबारे पूर्व सूचना दिने,
५. परीक्षणको समयभन्दा दुई घन्टा अगावै विद्यालयमा उपस्थित हुने

**(आ) परीक्षणको समय**

१. परीक्षण कार्यलाई मर्यादित, शान्त र भयरहित वातावरणमा सञ्चालन गर्ने,
२. आफ्नो परिचय खुल्ने प्रमाण साथमा राख्ने,
३. नियमित रूपमा विद्यालय खुल्ने समय अवधिभित्र नै परीक्षण कार्य सञ्चालन गर्ने,
४. इकाइबाट प्राप्त पत्र प्रधानाध्यापकलाई दिने र परीक्षणको उद्देश्यबारे सम्बद्ध सबैलाई प्रस्ट पार्ने,
५. शैक्षिक सत्र २०८३ मा कक्षा ४ मा अध्ययनरत विद्यार्थीलाई मात्र छनोट गर्ने ।
६. तोकिएको विद्यालयबाट सामूहिक परीक्षणका लागि विद्यार्थी छनोट गर्दा १५ जनासम्म विद्यार्थी भएमा सबै विद्यार्थीलाई सहभागी गराउने र १५ जनाभन्दा बढी विद्यार्थी भएमा चिट्ठा विधिबाट छनोट गरी परीक्षणमा सहभागी गराउने । यसो गर्दा छात्र, छात्रा वा अन्यको अनुपात सकभर बराबर बनाउने,
७. मौखिक/व्यक्तिगत परीक्षणका लागि भने सामूहिक परीक्षणमा सहभागी भएका मध्येबाट ५ जना विद्यार्थीलाई छनोट गर्नुपर्ने छ। यसो गर्दा छात्र, छात्रा वा अन्यको अनुपात सकभर बराबर बनाउने,
८. परीक्षण सञ्चालनका लागि अनिवार्य रूपमा कक्षाकोठाभित्र बसाइ व्यवस्थापन गर्ने, यसका लागि एउटा बेञ्चमा एक जना विद्यार्थी पर्ने गरी व्यवस्थापन गर्नुपर्ने हुन्छ ।
९. सबै विद्यार्थीलाई परीक्षणको उद्देश्यका बारेमा प्रस्ट पार्ने,

१०. परीक्षणमा सहभागी विद्यार्थीलाई इकाइबाट प्राप्त भएको कालो वा निलो मसीयुक्त बलपेन उपलब्ध गराउने,

११. परीक्षण साधन भएको प्याकेटको सिल टुटे नटुटेको सुनिश्चित गर्ने, यदि सिल टुटेको भएमा सो विषय प्रतिवेदनमा समावेश गर्ने तर सोही साधन प्रयोग गरी विद्यार्थीलाई निर्देशनअनुसार परीक्षण सञ्चालन गर्ने,

१२. परीक्षण सञ्चालनको समयमा परीक्षण सञ्चालन भएको कोठामा असम्बन्धित व्यक्तिलाई प्रवेश गर्न नदिने,

१३. विद्यार्थीलाई तोकिएको समय अवधिभर परीक्षण कोठामा अनिवार्य बसी सबै प्रश्नको जवाफ दिन सहजीकरण गर्ने,

१४ परीक्षणमा तोकिएको समयावधि अपुग भएमा उचित समय अवधि थप गर्ने, समय निश्चित तोकिएको मौखिक परीक्षणको अनुच्छेदको पठनप्रवाहमा समय थप नगर्ने,

१५. प्रश्नावलीमा कुनै त्रुटि छ भन्ने जानकारी पाइएमा परीक्षण सञ्चालकले आफ्नो प्रतिवेदनमा सोको जानकारीसमेत संलग्न गर्ने तर प्रश्न सच्याउने वा तत्काल कुनै निकायमा सोधखोज वा खबर नगर्ने,

१६ **अनुसूची ७** अनुसार परीक्षण सञ्चालनका क्रममा गर्ने कार्य रुजु गर्ने ।

**(ङ) परीक्षणपश्चात्**

१. प्रयोग भएका तथा नभएका सबै परीक्षण सामग्री खामबन्दी गर्ने, परीक्षणमा प्रयोग नभएका साधन कसैलाई पनि नदिने,

२. तोकिएको ढाँचामा प्रतिवेदन (अनुसूची १) तयार गरी इकाइमा बुझाउने,

३. परीक्षण समाप्त भएपछि खामबन्द सबै परीक्षण साधनहरू छिटो र सुरक्षित माध्यमबाट इकाइमा बुझाउने ।

**(च) अनुगमनकर्ता** (Supervisor)

१. परीक्षणको गुणस्तर सुनिश्चित गर्नका लागि अभिमुखीकरण कार्यक्रममा सहभागी भएका व्यक्तिबाट मात्र अनुगमन गर्ने,

२. परीक्षण सञ्चालनका अनुभव, चुनौती र सुझावसहितको प्रतिवेदन **अनुसूची २** बमोजिम केन्द्रमा पठाउने ।

**४. परीक्षण सञ्चालक** (Test administrator) छनोटका आधार

परीक्षण सञ्चालक छनोटका आधार यसप्रकार हुने छः

१. नेपाली नागरिक,

२. स्नातक तह वा सोसरह उत्तीर्ण गरेको,
३. कार्यरत शिक्षक र विद्यालय कर्मचारीलाई परीक्षण सञ्चालकका रूपमा काममा नखटाउने,
४. सेवा निवृत्त शिक्षक वा कर्मचारी, कार्यरत कर्मचारी वा योग्यता प्राप्त स्वतन्त्र व्यक्तिलाई परीक्षण सञ्चालकका रूपमा छनोट गर्न सकिने,
५. समन्वयात्मक भूमिका निर्वाह गर्न सक्ने,
६. महिला र पुरूषको अनुपात मिलाउने,

## ५. अभिमुखीकरण कार्यशाला

परीक्षण सञ्चालन गर्नुपुर्व नमुना छनोटमा परेका सबै जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमा केन्द्रबाट खटिई आएका कर्मचारीबाट परीक्षण सञ्चालक (Test Administrator) तथा अनुगमनकर्ताका लागि परीक्षण सञ्चालन बारे अभिमुखीकरण कार्यशाला सञ्चालन गरिने छ ।

## अनुसूची १

## परीक्षण सञ्चालक (Test Administrator) को प्रतिवेदनको ढाँचा

१. कार्यक्रमः कक्षा ३ को पढाइ तथा गणितीय सिपको राष्ट्रिय/पूर्व परीक्षण-२०८२

२. परीक्षण सञ्चालन मिति : २०८३/../..समयः दिउँसो ......बजेदेखि .......बजेसम्म ३. परीक्षण गरिएको विद्यालयको नाम....................................
विद्यालयको EMIS कोड .......................................

४. विद्यालयको ठेगानाः प्रदेश ........ जिल्ला ......... स्थानीय तहः ....... वडा नं .....

५. परीक्षण गरिएको सेटमा ठिक चिह्न लगाउनेः (क)☐ (ख)☐ (ग)☐ (घ)☐

६. कक्षाको कुल विद्यार्थी सङ्ख्या........परीक्षणमा सहभागी जम्मा विद्यार्थी सङ्ख्या ........
छात्र......... छात्रा..........

७. बसाइ व्यवस्थापन मार्गदर्शन पुस्तिकाबमोजिमः भयो ☐ भएन ☐

८. परीक्षण सञ्चालनका लागि विद्यालयमा सम्पर्क गर्ने क्रममा देखिएका सकारात्मक पक्षहरू :
....................................................................................................
....................................................................................................

९. परीक्षणका क्रममा देखिएको सुधार गर्नुपर्ने पक्षहरू :
....................................................................................................
....................................................................................................

१०.प्रश्नपत्रमा छपाइसम्बन्धी कुनै त्रुटि भएको जानकारीः छ☐ छैन ☐ ।

११. त्रुटि भएका सेट र उपकार्यगत प्रश्न ..................................
त्रुटि भएमा कस्तो :......................................................
के हुनुपर्ने ..............................................................

विद्यालयको प्रअको नाम :......................................................
प्रधानाध्यापकको मोबाइल नम्बर :..........................................
परीक्षण सञ्चालक (Test Administrator) को नाम :
ठेगाना :
दस्तखत :
मोबाइल नम्बर :

परीक्षण गरिएको विद्यालयको छाप

***(द्रष्टव्यः परीक्षण गरिएका विद्यालयको परीक्षणका समयमा फोटो खिच्दा सम्बन्धित पक्षको स्वीकृति लिएर मात्र खिच्नुपर्ने छ। फोटो सामाजिक सञ्जालमा राख्न पाइने छैन।***

# अनुसूची २

## अनुगमनकर्ताको प्रतिवेदन ढाँचा

**कार्यक्रमः कक्षा ३ को पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणका लागि पूर्व परीक्षण २०८२**

परीक्षण सञ्चालन गर्ने निकायः शैक्षिक गुणस्तर परीक्षण केन्द्र, भक्तपुर

१. परीक्षण सञ्चालन मिति :-२०८३/..../...., समयः ...........बजेदेखि ........ बजेसम्म

२. परीक्षण गरिएको विद्यालयको नाम ...................................

ठेगाना ...................................

३. विद्यालयको अवस्थितिः

(क) महानगरपालिका (ख) उपमहानगरपालिका

(ग) नगरपालिका (घ) गाउँपालिका

४. परीक्षण गरिएको सेटमा ठिक चिह्न लगाउनेः **(क)**☐ **(ख)**☐ **(ग)**☐ **(घ)**☐

५. कक्षाको कुल विद्यार्थी सङ्ख्या.......परीक्षणमा सहभागी जम्मा विद्यार्थी सङ्ख्या.....

छात्र ... छात्रा.....

६. बसाइ व्यवस्थापन मार्गदर्शन पुस्तिकाबमोजिम भयो ☐ भएन ☐

७. परीक्षण सञ्चालकलाई सोधिने प्रश्नहरू

नामः

ठेगानाः

शैक्षिक योग्यताः

NARN/NASA परीक्षण सञ्चालकको रूपमा पूर्व अनुभव भए वा नभएको:

| क्र.स. | विवरण तथा कार्यसम्पादन | हो वा छ | होइन वा छैन | अनुभूति वा कमेन्ट |
|---|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाइले सञ्चालन गरेको अभिमुखीकरणमा सहभागी भएको | | | |
| २ | परीक्षण सञ्चालकले आफ्नो नागरिकता वा सवारी लाइसेन्स वा सोसरहको आफ्नो परिचय खुल्ने परिचयपत्र आफूसँग राखेको | | | |
| ३ | परीक्षण सञ्चालन हुने विद्यालयमा परीक्षण हुने दिनको सूचना दिएको | | | |
| ४ | परीक्षणको समयभन्दा दुई घन्टाअघि नै विद्यालयमा उपस्थित भई प्रधानाध्यापकसंग सम्पर्क गरेको | | | |
| ५ | विद्यालयमा प्रार्थना सुरू हुनुभन्दा पहिले पुगेर Sampling मा तोकिएभन्दा कम विद्यार्थी हुँदा सबै विद्यार्थी र तोकिएभन्दा बढी विद्यार्थी भएमा चिट्ठा विधिबाट तोकिएका सङ्ख्यामा विद्यार्थी छनोट गरी परीक्षणमा सहभागी गराएको | | | |
| ६ | छनोटमा परेका सबै विद्यार्थीलाई परीक्षणको उद्देश्य प्रस्ट पारेको | | | |
| ७ | परीक्षण पुस्तिकाको आवरण पृष्ठमा भएका सूचनाहरू स्पष्टसँग भर्न र विषयगत उपकार्यहरू गर्न विद्यार्थीलाई सहजीकरण गरेको | | | |
| ८ | परीक्षण मर्यादित र भयरहित वातावरणमा सञ्चालन भएको | | | |
| ९ | परीक्षणका लागि विद्यालयले सहयोग र समन्वय गरेका | | | |

१०. परीक्षणका क्रममा देखिएका सकारात्मक पक्ष

११. परीक्षणका क्रममा देखिएको सुधार गर्नुपर्ने पक्षहरू

..........................................................................................

..........................................................................................

१२. प्रश्नपत्रमा कुनै त्रुटिः **छ**☐ **छैन** ☐

त्रुटि भएका सेट र उपकार्यगत प्रश्न

..........................................................................................

त्रुटि भए, कस्तो ? ..............................................................................

के हुनुपर्ने ? ......................................................................................

१३. परीक्षक तथा परीक्षण सम्बन्धी समग्र धारणा

..........................................................................................

..........................................................................

विद्यालयको प्रअको नाम :.........................................................

दस्तखतः.................................................................................

प्रअको मोबाइल नम्बर.............................................................

अनुगमनकर्ताको नामः .............................................................

दस्तखतः.................................................................................

मोबाइल नम्बर..........................................................................

अनुगमन गरिएको विद्यालयको छाप

***(द्रष्टव्यः परीक्षण गरिएका विद्यालयको परीक्षणका समयमा फोटो खिच्दा सम्बन्धित पक्षको स्वीकृति लिएर मात्र खिच्नुपर्ने छ । फोटो सामाजिक सञ्जालमा राख्न पाइने छैन ।)***

## अनुसूची ३
## शिक्षा विकास निर्देशनालयलाई गरिने पत्राचारको ढाँचा

मितिः २०८३/...../......

विषय : पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणका लागि पूर्व परीक्षण सम्बन्धमा ।

श्री शिक्षा विकास निर्देशनालय .....
.......................... प्रदेश ।
.......................................

पढाइ तथा गाणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment for Reading and Numeracy–NARN) मार्फत सिकाइ उपलब्धि परीक्षण गरी नतिजामा सुधार ल्याउनका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने मुख्य उद्देश्यका साथ यस केन्द्रको चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार कक्षा ३ को पढाइ तथा गणितीय सिपको परीक्षणअन्तर्गत मिति २०८३/...../...... मा पूर्व परीक्षण गर्ने कार्यक्रम रहेको हुनाले सो परीक्षण कार्य व्यवस्थित रूपबाट सम्पन्न गर्नका लागि आवश्यक समन्वय र सहयोगका लागि अनुरोध छ ।

............................
महानिर्देशक

## अनुसूची ४

## शिक्षा विकास तथा समन्वय इकाइबाट स्थानीय तहमा गरिने पत्राचारको ढाँचा

मितिः २०८३/...../......

विषयः पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणका लागि पूर्व परीक्षण सम्बन्धमा ।

श्री ......................................नगरपालिका/गाउँपालिका
......................... जिल्ला .............................. प्रदेश

पढाइ तथा गाणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment for Reading and Numeracy-NARN) मार्फत सिकाइ उपलब्धि परीक्षण गरी नतिजामा सुधार ल्याउनका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने मुख्य उद्देश्यका साथ यस केन्द्रको चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार कक्षा ३ को पढाइ तथा गणितीय सिपको परीक्षणअन्तर्गत मिति २०८३/...../...... मा पूर्व परीक्षण गर्ने कार्यक्रम रहेको हुनाले परीक्षण सञ्चालनका लागि यस इकाइबाट खटिई आउनुभएका परीक्षण सञ्चालकलाई आवश्यक समन्वय र सहयोग गरिदिनुहुन अनुरोध छ ।

परीक्षणमा छनोट भएका विद्यालयहरू

१.

२.

............................

इकाइ प्रमुख

## अनुसूची ५

## शिक्षा विकास तथा समन्वय इकाइबाट विद्यालयलाई गरिने पत्राचारको ढाँचा

मितिः २०८३।.....।.....

विषयः पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणका लागि पूर्व परीक्षण सम्बन्धमा ।

श्री प्रधानाध्यापकज्यू,

.............................. विद्यालय

............................................ ।

पढाइ तथा गाणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment for Reading and Numeracy–NARN) मार्फत सिकाइ उपलब्धि परीक्षण गरी नतिजामा सुधार ल्याउनका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने मुख्य उद्देश्यका साथ यस केन्द्रको चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार कक्षा ३ को पढाइ तथा गणितीय सिपको परीक्षणअन्तर्गत मिति २०८३/...../...... मा पूर्व परीक्षणमा तपाईंको विद्यालय छनोटमा परेको हुनाले सो कार्यको लागि यस इकाइबाट खटिई आउनुभएका परीक्षण सञ्चालक श्री .......................................... लाई आवश्यक समन्वय र सहयोग गरिदिनुहुन अनुरोध छ ।

............................

इकाइ प्रमुख

## अनुसूची ६
## करार सम्झौता पत्रको ढाँचा

### नेपाल सरकार
### शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
### शिक्षा तथा मानव स्रोत विकास केन्द्र
# शिक्षा विकास तथा समन्वय इकाइ, ............

शिक्षा विकास तथा समन्वय इकाइ ................................................. र श्री.... ................................ ................. बिच पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणका लागि पूर्व परीक्षण सञ्चालनसम्बन्धी भएको सेवा करार सम्झौता पत्र ।

**प्रस्तावना**

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले वि.स.२०६८ (सन् २०११) देखि नै विद्यालय तहमा विभिन्न कक्षा र विषयमा राष्ट्रिय सर्वेक्षणहरूका माध्यमबाट विद्यार्थी उपलब्धिको परीक्षण गरी राष्ट्रिय रूपमा विद्यार्थी उपलब्धिको अवस्थाका बारेमा सरोकारवालालाई पृष्ठपोषण प्रदान गर्ने कार्य गरिरहेको छ । यी सर्वेक्षणहरूले प्रकाशनमा ल्याएका प्रतिवेदनहरूले शिक्षण सिकाइ प्रक्रिया, शिक्षक तालिमहरू तथा सामग्री विकासमा अपेक्षाकृत सुधार ल्याउन समग्रमा देशको सिकाइ उपलब्धिको अवस्था के छ ? विभिन्न क्षेत्र, लैङ्गिकता, जात/जातीय समूह, भाषिक समूह, विद्यालयको अवस्थिति आदिका आधारमा विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था के छ ? विद्यार्थीको सिकाइ उपलब्धिमा कुन कुन तत्वहरूले कसरी प्रभाव पारिरहेका छन् ? भन्ने सन्दर्भमा एउटा बलियो प्रमाण प्रस्तुत गरेका छन् । यसै सन्दर्भमा यसै शैक्षिक सत्र २०८३ मा कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरूका लागि पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणका लागि पूर्व परीक्षण सञ्चालन हुने भएकाले यसका लागि तोकिएका कार्यसर्तको अधीनमा रही परीक्षण सञ्चालनको लागि शिक्षा विकास तथा समन्वय इकाइ ............................. (यस पछि प्रथम पक्ष भनिने) र परीक्षण सञ्चालकका रूपमा काम गर्न इच्छुक हाल.........जिल्ला.........गाउँ/नगरपालिका ....... वडा.......... बस्नेश्री ....................................बिच (क्रमसङ्ख्या (ख) देखि क्रमसङ्ख्या (च) सम्मका महलमा उल्लिखित सबै प्रावधानलाई यस सम्झौताको प्रयोजनका लागि कार्यसर्त मानिने छ । )

**(क) दोस्रो पक्षले गर्नुपर्ने कामको विवरण**

**(अ) परीक्षणपूर्व**

१. इकाइले सञ्चालन गरेको अभिमुखीकरण कार्यक्रममा अनिवार्य सहभागी हुने,

२. पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणका लागि पूर्व परीक्षण कक्षा सञ्चालनका लागि मार्गदर्शन पुस्तिका अध्ययन गरी सोका प्रावधान पालना गर्ने,

३. अनुसूची ८ बमोजिमका आवश्यक सामग्री रुजु गरी बुझ्ने,
४. परीक्षण सञ्चालन हुने विद्यालयलाई परीक्षण हुने दिन, समयबारे पूर्व सूचना दिने,
५. परीक्षणको समयभन्दा दुई घन्टा अगावै विद्यालयमा उपस्थित हुने

**(आ) परीक्षणको समय**

१. परीक्षण कार्यलाई मर्यादित, शान्त र भयरहित वातावरणमा सञ्चालन गर्ने,
२. आफ्नो परिचय खुल्ने प्रमाण साथमा राख्ने,
३. नियमित रूपमा विद्यालय खुल्ने समय अवधिभित्र नै परीक्षण कार्य सञ्चालन गर्ने,
४. इकाइबाट प्राप्त पत्र प्रधानाध्यापकलाई दिने र परीक्षणको उद्देश्यबारे सम्बद्ध सबैलाई प्रस्ट पार्ने,
५. शैक्षिक सत्र २०८३ मा कक्षा ४ मा अध्ययनरत विद्यार्थीलाई मात्र छनोट गर्ने ।
६. तोकिएको विद्यालयबाट सामूहिक परीक्षणका लागि विद्यार्थी छनोट गर्दा १५ जनासम्म विद्यार्थी भएमा सबै विद्यार्थीलाई सहभागी गराउने र १५ जनाभन्दा बढी विद्यार्थी भएमा चिट्ठा विधिबाट छनोट गरी परीक्षणमा सहभागी गराउने । यसो गर्दा छात्र, छात्रा वा अन्यको अनुपात सकभर बराबर बनाउने,
७. मौखिक/व्यक्तिगत परीक्षणका लागि भने सामूहिक परीक्षणमा सहभागी भएका मध्येबाट ५ जना विद्यार्थीलाई छनोट गर्नुपर्ने छ । यसो गर्दा छात्र, छात्रा वा अन्यको अनुपात सकभर बराबर बनाउने,
८. परीक्षण सञ्चालनका लागि अनिवार्य रूपमा कक्षाकोठाभित्र बसाइ व्यवस्थापन गर्ने, यसका लागि एउटा बेन्चमा एक जना विद्यार्थी पर्ने गरी व्यवस्थापन गर्ने,
९. सबै विद्यार्थीलाई परीक्षणको उद्देश्यका बारेमा प्रस्ट पार्ने,
१०. परीक्षणमा सहभागी विद्यार्थीलाई इकाइबाट प्राप्त भएको कालो वा निलो मसीयुक्त बलपेन उपलब्ध गराउने,
११. परीक्षण साधन भएको प्याकेटको सिल टुटे नटुटेको सुनिश्चित गरी यदि सिल टुटेको भएमा मुचुल्का गरी प्रतिवेदनसँगै बुझाउने तर सबै विद्यार्थीलाई निर्देशनअनुसार परीक्षण पुस्तिका वितरण गरी परीक्षण सञ्चालन गर्ने,
१२. परीक्षण सञ्चालनको समयमा परीक्षण सञ्चालन भएको कोठामा असम्बन्धित व्यक्तिलाई प्रवेश गर्न नदिने,
१३. विद्यार्थीलाई तोकिएको समय अवधिभर परीक्षण कोठामा अनिवार्य बसी सबै प्रश्नको जवाफ दिन सहजीकरण गर्ने,
१४. परीक्षणमा तोकिएको समयावधि अपुग भएमा उचित समय अवधि थप गर्ने,

१५. प्रश्नावलीमा कुनै त्रुटि छ भन्ने जानकारी पाइएमा परीक्षण सञ्चालकले आफ्नो प्रतिवेदनमा सोको जानकारीसमेत संलग्न गर्ने तर प्रश्न सच्याउने वा तत्काल कुनै निकायमा सोधखोज वा खबर नगर्ने,

**१६. अनुसूची ७** अनुसार परीक्षण सञ्चालनका क्रममा गर्ने कार्य रुजु गर्ने ।

**(इ) परीक्षणपश्चात्**

१. प्रयोग भएका तथा नभएका सबै परीक्षण सामग्री खामबन्दी गर्ने, परीक्षणमा प्रयोग नभएका साधन कसैलाई पनि नदिने,

२. तोकिएको ढाँचामा प्रतिवेदन (अनुसूची १) तयार गरी इकाइमा बुझाउने,

३. परीक्षण समाप्त भएपछि खामबन्द सबै परीक्षण साधनहरू छिटो र सुरक्षित माध्यमबाट इकाइमा बुझाउने ।

**(ख) प्रथम पक्षले दोस्रो पक्षलाई प्रदान गर्ने सुविधा तथा सामग्री**

१. तोकिएका कार्य सम्पन्न गर्नका लागि आवश्यक सूचना र सामग्रीहरू तथा साधनहरू प्रदान गर्ने

२. अभिमुखीकरण तालिम प्रदान गर्ने

३. क्रम सङ्ख्या (क) अन्तर्गत उल्लिखित कार्य परिणाम (outputs), प्रवाह (deliver) गरेबापत प्रति विद्यालय पारिश्रमिक खर्च रु.................कर कट्टा गरी रु...... वा नियमानुसार ......... दिनको दैनिक भ्रमण भत्ता, यातायातसहित रु................ का दरले भुक्तानी गर्ने ।

**(ग) दोस्रो पक्षले सम्पन्न गरेको कार्य परिणाम (outputs)**

१. तोकिएबमोजिम परीक्षण सञ्चालन गरी प्रयोग भएका र नभएका सबै परीक्षण साधनहरूको खाम

२. परीक्षण सञ्चालकको प्रतिवेदन, परीक्षणसम्बन्धी फोटा

३. अन्य आवश्यक विवरण

**(ङ) रकम भुक्तानी प्रबन्ध**

दोस्रो पक्षबाट क्रम सङ्ख्या (क) अन्तर्गत उल्लिखित कार्यहरू सम्पन्न गरी क्रम सङ्ख्या (ग) अन्तर्गत उल्लिखित सम्पूर्ण कार्य परिणामहरू (outputs) पेश गरेपछि प्रथम पक्षबाट क्रमसंख्या (ख) अन्तर्गत उल्लिखित सम्झौता रकम भुक्तानी गरिने छ। रकम भुक्तानीका लागि प्रथम पक्षबाट पारिश्रमिक रकममा नियमानुसार करकट्टी गरिने छ ।

**दोस्रो पक्षको तर्फबाट**
परीक्षकको नाम थर :
हस्ताक्षर :
सम्पर्क नम्बर :
बैङ्क खाता न.:
बैङ्कको नाम र शाखा :
पान न :

**प्रथम पक्षको तर्फबाट**
नाम थरः
पदः इकाइ प्रमुख
हस्ताक्षर :
मितिः

रोहबर
नाम थरः
पदः
हस्ताक्षरः
मितिः

कार्यालयको छाप

अनुसूची ७

**परीक्षण सञ्चालक (Test Administrator) का लागि क्रियाकलाप रूजुसूची**

| क्र.स. | क्रियाकलाप | रूजु |
|---|---|---|
| १ | अभिमुखीकरणमा भाग लिने | |
| २ | परीक्षण गर्नुपर्ने विद्यालयको नाम, प्रअको नाम र फोन नम्बर लिने | |
| ३ | परीक्षणको दिन प्रअलाई इकाइको पत्र बुझाउने | |
| ४ | परीक्षणका लागि बसाइ व्यवस्थापन गर्ने तथा प्रत्येक विद्यार्थीलाई लेख्नका लागि बलपेनको व्यवस्था गर्ने | |
| ५ | परीक्षण सञ्चालन मार्गदर्शन पुस्तिकाको पूर्ण अध्ययन गर्ने | |
| ६ | परीक्षणका लागि नमुनामा छनोट भएको विद्यालयमा तोकिएको सङ्ख्याभन्दा बढी द्यिार्थीहरू भएमा चिट्ठा विधिबाट विद्यार्थीको छनोट गर्ने | |
| ७ | विद्यार्थीलाई परीक्षणको उद्देश्य र परीक्षणका क्रममा पालना गर्नुपर्ने नियमहरू स्पष्ट पार्ने | |
| ८ | परीक्षण कार्य सुरु गर्नु पहिले हरेक कार्यका लागि निर्धारित परीक्षणका साधनहरू राम्ररी अध्ययन गर्ने | |
| ९ | कक्षामा बालबालिकासँग नम्र भई मायालु व्यवहार देखाउने | |
| १० | परीक्षा सुरू भएको समय नोट गरी १ घण्टाको परीक्षण सञ्चालन गर्ने, | |
| ११ | परीक्षण सञ्चालकका लागि मार्गदर्शनमा उल्लेख भएका प्रावधानलाई अनिवार्य रूपमा अनुसरण गर्ने | |
| १२ | विद्यार्थीलाई कापी किताब र अन्य सामाग्रीहरू परीक्षण कोठामा लैजान नदिने | |
| १३ | नक्कल गर्ने र छलफल गर्ने कार्यको पूर्ण बन्देज लगाई परीक्षणलाई मर्यादित बनाउने | |
| १४ | परीक्षणपछि प्रयोग भएका र नभएका परीक्षण साधन, पुस्तिकाहरू गनेर खामबन्दी गरी इकाइमा बुझाउने | |
| १५ | दिइएको ढाँचामा प्रतिवेदन लेखेर विद्यालयको छाप र प्रअको हस्ताक्षर गराई इकाइमा बुझाउने | |

## अनुसूची ८

## परीक्षण सञ्चालक (Test Administrator) ले परीक्षणका लागि लैजानुपर्ने सामग्रीको रुजुसूची

परीक्षण सेटः .......

परीक्षण सञ्चालन हुने मितिः .......................

परीक्षण सञ्चालन हुने विद्यालयः..................

| क्र.स. | सामग्री | सङ्ख्या | रूजु |
|---|---|---|---|
| १ | विद्यालयको पत्र | १ | |
| २ | लागि परीक्षण पुस्तिका, (लिखित) (खामबन्द हुने) | १५ | |
| ३ | परीक्षक सञ्चालकका लागि निर्देशन पुस्तिका (खामबन्द हुने) लिखित १ र मौखिक १ | २ | |
| ४ | मौखिक परीक्षण पुस्तिका (खामबन्द हुने) विद्यार्थीको जवाफ परीक्षण सञ्चालकले लेख्नका लागि | ५ | |
| ५ | निलो वा कालो मसीयुक्त बलपेन | १५ | |
| ६ | Test Administrator प्रतिवेदन फाराम | १ | |

परीक्षणपश्चात् माथिका परीक्षण सामग्रीहरू रूजु गरी खामबन्दी गर्ने ।

# अनुसूची ९

## परीक्षण मर्यादित बनाउन ध्यान दिनुपर्ने कुराहरू

## पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणका लागि पूर्व परीक्षण, २०८२

परीक्षण कार्य सञ्चालनका लागि मार्गनिर्देशन :

| |
|---|
| परीक्षण सञ्चालन (Test Administrator) हरूले यस सामग्रीमा रहेका बुँदाहरू एक एक गर्दै पढ्नुहोस् र सोहीअनुसार परीक्षण कार्य सम्पन्न गराउनुहोस् । |

१. इकाइबाट विद्यालयको सम्पर्क विवरण लिनुहोस् र प्रधानाध्यापकसँग समन्वय र सहकार्य गरी परीक्षणको मिति र समय निर्धारण गर्नुहोस् र आफ्नो डायरीमा नोट गर्नुहोस् ।

२. परीक्षण सञ्चालन गर्ने दिन १० बजे अगाडि नै विद्यालयमा पुग्नुहोस् ।

३. प्रधानाध्यापकसँग परीक्षण १ घण्टाको हुने र पढाइ सिप र गणितीय सिप परीक्षण समेटिएका परीक्षण साधन, पुस्तिका हुने जानकारी गराउनुहोस् ।

४. परीक्षण सञ्चालन गर्नुअघि प्रधानाध्यापकसँग कार्यालयमा बस्नुहोस् । कार्यक्रमबारे संक्षिप्त जानकारी गराउनुहोस् । साथै परीक्षण सञ्चालन र विद्यार्थीहरू छनोट गर्ने र बसाइ व्यवस्थापन गर्ने तरिका प्रस्ट पार्नुहोस् ।

५. परीक्षण कार्य बढीमा १५ जना मात्र विद्यार्थीहरूलाई गरिने भएकाले सोभन्दा बढी विद्यार्थी भएको खण्डमा गोलाप्रथाको माध्यमबाट १५ जना मात्र छनोट गर्नुहोस् । १५ जनाभन्दा कम विद्यार्थी भएको खण्डमा सबैलाई सहभागी गराउनुहोस् ।

६. विद्यार्थी छनोट गर्दा छात्र र छात्राको अनुपात सम्भव भएसम्म ५०/५० प्रतिशत हुने गरी मिलाउनुहोस् । यस कार्यमा प्रअ वा शिक्षकसँग सहयोग लिनुहोस् ।

७. छनोट भएका विद्यार्थीहरूलाई एउटा बेन्चमा सकभर एक जनाको दरले बसाउनुहोस् ।

८. परीक्षण सञ्चालन गर्ने दिन कक्षा ३ मा उपस्थित सबै विद्यार्थीहरूलाई कक्षामा बस्न लगाउनुहोस् ।

९. प्रधानाध्यापक र सम्बन्धित विषय शिक्षकको रोहबरमा प्रश्नपत्रको सिलबन्दी खाम खोलेको मुचुल्कामा सही छाप गराउनुहोस् । खाममा उल्लेख गरेअनुसारको प्रश्नपत्रको सेट गणना गर्नुहोस् । खाममा उल्लिखित सेट नमिलेको वा नपुगेको भए प्रतिवेदनमा उल्लेख गर्नुहोस् ।

१०. परीक्षणमा सामेल भएका विद्यार्थीहरूलाई एक एक ओटा कलम/सिसाकलम वितरण गर्नुहोस् ।

११. परीक्षण कार्य सकिएपछि उत्तर पुस्तिकाहरू लिएर विद्यालयको कार्यालय जानुहोस् । परीक्षणमा प्रयोग भएका र नभएका परीक्षण पुस्तिका, साधन (Item Booklets) हरू सबै एकै ठाउँमा जम्मा गर्नुहोस् ।

१३ विद्यालयमा परीक्षण सञ्चालन गरेको प्रतिवेदन फाराम प्रअको रोहबरमा तयार गर्नुहोस् । प्रअको दस्तखत र विद्यालयको छाप लगाउनुहोस् ।

१४. खामभित्र विद्यार्थी परीक्षण पुस्तिका, परीक्षण सञ्चालकका लागि निर्देशन पुस्तिका र मौखिक परीक्षण साधन (प्रयोग भएका र नभएका) सबै साधन राखेर प्रअको रोहबरमा खामबन्दी गर्नुहोस् ।

१५. तलका सामग्रीहरू खामबन्दी गर्नुहोस् :

(क) परीक्षण सञ्चालन (Test Administrator) को प्रतिवेदन - १ थान

(ख) विद्यार्थीको हाजिरी .........थान

(ग) प्रतिवेदन ........थान

१६. खामको बाहिर प्रयोग भएका उत्तर पुस्तिका थान - ......... र प्रयोग नभएका उत्तरपुस्तिका थान - ............. गरी जम्मा .......... थान उल्लेख गर्नुहोस् ।

१७. खामबन्दी उत्तर पुस्तिकाहरूलाई सुरक्षित राख्ने व्यवस्था मिलाउनुहोस् । तपाईंले जिम्मेवारी पाउनुभएको विद्यालयहरूको परीक्षण गर्ने कार्य पूरा भएपछि खामबन्दी उत्तरपुस्तिकाहरू इकाइमा बुझाउनुहोस् ।

१८. इकाइले जिल्लाका सबै परीक्षण सञ्चालकबाट सङ्कलन गरिएको खामबन्दी उत्तरपुस्तिकाहरू र भर्पाइहरू छुट्टाछुट्टै राम्रोसँग प्याकिङ गरेर एकमुष्ट रूपमा केन्द्रबाट गएका प्रतिनिधिलाई जिम्मा दिनुपर्ने छ ।

१९. परीक्षण सञ्चालनको क्रममा केही समस्या भएमा तल दिइएको प्राथमिकता क्रममा राखिएको फोनमा नम्बरमा फोन गरी सहयोग लिनुहोस् ।

| क्र.स. | नाम | फोन न. | कार्यालय |
|---|---|---|---|
| १. | नारायणप्रसाद झा | ९८४१२५७०२६ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| २. | सरस्वती गुरागाईं | ९८४१७३४७९२ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |

| | | | |
|---|---|---|---|
| ३ | रितु श्रेष्ठ | ९८४८२८३१६४ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| ४ | | | शिक्षा विकास तथा समन्वय इकाइ |

२०. कारणवश कुनै खामवन्दी गर्दा खामको बाहिर लेखिएको सेट सङ्ख्या र जम्मा सङ्ख्या फरक भएमा खामभित्र भएको सेटअनुसार नै परीक्षण सञ्चालन गर्नुहोस् । सोको विवरण खामको बाहिरपट्टिको मुचुल्का र परीक्षण सञ्चालकको (Test Administrator) प्रतिवेदनमा समेत उल्लेख गर्नुहोस् ।

## अनुसूची १०

पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षणका लागि पूर्व परीक्षण, २०८२

**विद्यार्थी हाजिरी**

परीक्षण सञ्चालकले परीक्षणमा सहभागी भएका विद्यार्थीको नाम र थर लेखी छात्रा वा छात्र, लिखित परीक्षण र मौखिक परीक्षणमा सहभागिताको आधारमा ठिक (√) लगाउनुपर्छ।

| क्र.स. | विद्यार्थीको नामथर | छात्रा | छात्र | लिखित | मौखिक |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |

धन्यवाद ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर
फोन- ०१६६३२११६, ०१६६३४३६२
Website: www.ero.gov.np, Email: eronasa@gmail.com